सिम्रौनगढ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सिम्रौनगढ, बारा

२ नं प्रदेश, नेपाल

## हाटबजार बिक्रीको लागी शिलबन्दीबोलपत्रअव्हानको सूचना

प्रथम पटक प्रकाशितमिति : २०७६।०५।२०

यस नगरपालिकाको अधिकार क्षेत्रमा पर्ने निम्न अनुसारका हाटबजाररुलाई एक बर्षको लागी नगद ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म ,संध संस्था ,कलब वा कम्पनीहरुवाट अफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र मूल्यअभिवृधि कर दर्ता प्रमाण पत्र तथा करचुक्ता प्रमाण पत्र,उक्त कार्य गर्न योग्य भएको स्व. घोषणा पत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही स्थानीय सरकार संचालन ऐन २०७४ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ एवं अन्य प्रचलित कानून बमोजिम शिलबन्दी बोल पत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| **ठे.नं.** | **हाटबजारको विवरण** | **न्यून्तम ठेक्काअंक** | **बोलपत्रफारम दस्तुर** ( पछि फिर्ता नहुने) | **ठेक्काअवधि** |
|---|---|---|---|---|
| ६ | सि.न.पा.-२ स्थित रानीवास तरकारी बजार | २ लाख | १०००।- | २०७७ अषाढ मसान्त |
| ७ | सि.न.पा.-६ स्थित सिम्रौनगढ तरकारी बजार | १ लाख | १०००।- | |
| ८ | सि.न.पा.-८/९ स्थित कचोर्वा बजार | १ लाख | १०००।- | |

१. बोलपत्र फरम फाराम तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ तथा संघ संस्था वा ठेकदारको हकमा नवीकरण भएको व्यवसाय इजाजत पत्र, आ.व. २०७४/७५ सम्मको कर चुक्ता प्रमाण पत्रतथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा ७ दिन कार्यालय समय भित्र यस कार्यालय बाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फरम खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट १२:०० बजे सम्म यस कार्यालयमा दरभाउपत्र दर्ता गराउन सकिनेछ । समय भित्र प्राप्तशिल बन्दी दरभाउपत्रहरु, दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिनको २:०० बजे दरभाउ पत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र फरम साथ ठेक्काको लागि आफुले कबोल गरेको रकमको ५ प्रतिशत धरौटी वापतको रकम यस कार्यालयको जनता बैंक सिम्रौनगढमा रहेको १००००९०५७०८२१०३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर टेण्डर फारम संगै संग्न राखी पेश गर्नु पर्ने छ ।

४. बोलपत्र फरम मा दररेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्यहुनेछ ।

५. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले ७ दिन भित्र नियमानुसार आपूले कबोल गरेको रकम एकमुष्ठ यस कार्यालयको मुल खातामा जम्मा गरी भोग चलन गर्न चलन पुर्जीको लागी सम्झौता गर्न आउनु पर्ने छ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरीनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः सूचना अव्हानगर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. ठेकेदारले तपसिल अनुसारको दररेट अनुसार मा खरीद तथा बिक्री कर्ता व्यपारी तथा किसानबाट समान तथा तरकारी खरीद बिक्री गरे वापतको शेवा शुल्क लिने दिने पाउने छ ।

तपसिल

१. खरीद कर्ता व्यपारी प्रति साईकल रु १५ ।-

२. खरीद कर्ता व्यपारी प्रति मोटरसाईकल रु २५ ।-

३. खरीद कर्ता व्यपारी प्रति बोरा रु ५ ।-

४.किसान बाट बिक्री कर्ता प्रति व्यक्ति १ थान काउली र अरुतरकारी आपसी सहमति अनुसार हेरी हेरी लिनु दिनु पर्ने छ ।

७. अन्य कुरा प्रचलित कानून तथा यस कार्यालयको निर्देशन बमोजिम हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत